☎ ०६६–५२०२०१
Email :lamjung@dolma.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय

## बेशिशहर लमजुङ

पत्र संख्या :- ०७७/०७८ मिति :- २०७७/१२/०६
चलानी नं. :-

## भु सेवा केन्द्र सञ्चालन अनुमतिका लागि अनलाइन फारम निवेदन सम्बन्धि सुचना

उपरोक्त सम्बन्धमा भूमि व्यवस्थापन तथा अभिलेख विभाग बबरमहल काठमाडौबाट मिति २०७७ माघ १४ गते कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित सुचना अनुसार यस कार्यालयमा भू सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ लागु गर्नु पर्ने भएको हुदाँ मालपोत नियमावली २०३६ (संशोधन सहित) को नियम २३ (क) र २३ (ख) बमोजिम भू सेवा केन्द्र सञ्चालन सम्बन्धी आवश्यक योग्यता पुगेका र भू सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ को दफा ७ मा तोकिए बमोजिम भौतिक पुर्वाधार पुगेका इच्छुक व्यक्ति, बैक तथा वित्तिय संस्था अन्य संस्था तथा स्थानिय तहहरूले अनुमति लिनका लागि मिति २०७७/१२/०६ देखि २०७८/०१/०५ सम्म https://public.dolma.gov.np मार्फत अनलाइन निवेदन पेश गरी सो सँग सम्बन्धित सक्कल कागजात यस कार्यालयमा पेश गर्नु हुन सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

### भू सेवा केन्द्र सञ्चालनको लागि चाहिने योग्यताः–

१. भू सेवा केन्द्र सञ्चालन गर्ने व्यक्तिगत हकमा
- क. नेपाली नागरिक
- ख. १८ वर्ष पुरा भएको
- ग. कम्प्युटर विषय लिई कम्तिमा दश जोड दुई उतिर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धी कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको
- घ. प्रचलित कानुन बमोजिम स्थायी लेखा नम्बर लिएको
- ङ. भू सेवा केन्द्र संचालन सम्बन्धी दफा ७ बमोजिमको भौतिक पुर्वाधार भएको र
- च. नैतिक पतन देखिने गरी फौजदारी कसुरमा वा लिखत सम्बन्धी कुनै कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको ।

२. भू सेवा सञ्चालन गर्ने संस्थाको हकमा
- क. प्रचलित कानुन बमोजिम सेवा प्रदायक संस्थाको रूपमा दर्ता भएको
- ख. नेपाली नागरिकले स्थापना र संचालन गरेको

☎ ०६६-५२०२०१
Email :lamjung@dolma.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय

## बेशिशहर लमजुङ

ग. संस्थामा काम गर्ने कम्तिमा एक जना जनशक्तिको योग्यता कम्प्युटर विषय लिई कम्तिमा दश जोड दुई उतिर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धी कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको

घ. प्रचलित कानुन बमोजिम संस्थाको नाममा स्थायी लेखा नंबर लिएको

ङ. करचुक्ताको प्रमाणपत्र भएको र

च. भू सेवा केन्द्र संञ्चालन सम्बन्धी दफा ७ बमोजिमको भौतिक पुर्वाधार भएको

**३. भू सेवा सञ्चालन गर्ने कानुन व्यवसायी वा लेखापढीको हकमा**

क. कानुन व्यवसाय वा लेखापढी व्यवसायको प्रमाणपत्र भएको

ख. नेपाली नागरिक

ग. प्रचलित कानुन बमोजिम स्थायि लेखा नंबर लिएको र

घ. भू सेवा केन्द्र संञ्चालन सम्बन्धी दफा ७ बमोजिमको भौतिक पुर्वाधार भएको

**४. साधारण प्रयोगकर्ता र पटके प्रयोगकर्ताको हकमा**

क. प्रयोगकर्ताको नाममा जग्गाधनि दर्ता प्रमाणपत्र पुर्जा भएको हुन पर्नेछ।

**५. स्थानिय तहको हकमा**

क. भु सेवा केन्द्र सञ्चालन गर्ने जनशक्ति र पुर्वाधार भएको ।

ख. स्थानिय तहले भू सेवा केन्द्र सञ्चालन गरिपाउँ भनि मालपोत कार्यालय लमजुङमा पत्राचार गर्नुपर्ने ।

**दफा ७ बमोजिम भू सेवा सञ्चालनको लागि चाहिने पुर्वाधारः–**

क. कम्प्युटर

ख. पावर व्याकअप सिस्टम

ग. प्रिन्टर

घ. भू सेवा प्रणालीसँग कम्प्याटिबल हुने बायोमेट्रिक डिभाइस, वेव क्यामेरा, तथा दस्तखत मेसिन र

ङ. कम्तिमा २/२ Mbps को Internet Connectivity

**अनुमति पत्रको दस्तुर, धरौटी अवधि तथा नविकरण सम्बन्धी व्यवस्थाः–**

क. साधारण प्रयोगकर्ताले युजर एकाउन्ट खोल्नको लागि यस मालपोत कार्यालय लमजुङमा रू ५००।– अक्षरूपी पाँच सय रूपैया मात्र दस्तुर बुझाउनु पर्ने छ र प्रत्येक दश वर्षमा नविकरणको लागि एक सय रूपैया दस्तुर बुझाउनु पर्ने छ ।

☎ ०६६–५२०२०१
Email :lamjung@dolma.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय
## बेशिशहर लमजुङ

ख. साधारण प्रयोगकर्ताले युजर एकाउन्ट नविकरण नगरेको अवस्थामा अनलाइन प्रणालीमा त्यस्ता प्रयोगकर्ताको पहुच स्वत निस्कृय हने छ ।

ग. भू सेवा केन्द्र सञ्चालन सम्बन्धी अनुमति लिन देहाय बमोजिमको दस्तुर लाग्ने छ ।

अ. व्यक्तिको हकमा रू ३०००।– अक्षरूपी तीन हजार रूपैया मात्र ।

आ. संस्थाको हकमा रू ५०००।– अक्षरूपी पाँच हजार रूपैया मात्र ।

इ. स्थानिय तहलाई भू सेवा केन्द्र सञ्चालनको लागि अनुमति लिनलाई र नविरकरण गर्नलाई कुनै दस्तुर लाग्ने छैन

उक्त दस्तुर महालेखा नियन्त्रणको कार्यालयको खाता नं. १०००२०००१०००० राजश्व शिर्षक नं. १४२२९ मा राष्ट्रिय वाणिज्य बैकको खातामा जम्मा गरी सोको भौचर पेश गर्नु पर्नेछ ।

घ. भू सेवा सञ्चालन सम्बन्धी अनुमति लिन व्यक्ति वा संस्थाले राष्ट्रिय वाणिज्य बैक बेशिशहर लमजुङमा रहेको कोष तथा लेखा नियन्त्रण कार्यालय लमजुङको धरौटी खाता नं. ३०४०१००१०२०३०००० मा देहाय बमोजिमको धरौटी रकम जम्मा गरि भौचर पेश गर्नु पर्ने । बैक ग्यारेन्टीको हकमा चालु आर्थिक वर्षको बाकी रहेको अवधीमा एक महिना थप कायम हुने गरी कायम हुने कुल अवधिको देहायको रकम बराबरको बैक ग्यारेन्टी पेश गर्नु पर्ने छ ।

अ. व्यक्तिको हकमा रू ५०,०००।– अक्षरूपी पचास हजार रूपैया मात्र ।

आ. संस्थाको हकमा रू २,००,०००।– अक्षरूपी दुई लाख रूपैया मात्र ।

ङ. अनुमति पत्र नविकरण गराउन चाहने व्यक्ति वा संस्थाले अवधि समाप्त हुनु अघि रू३,०००।– (अक्षरूपी तीन हजार मात्र) दस्तुर तिरी नविकरण गराउनु पर्ने छ ।

च. भू सेवा सञ्चालन अनुमति पत्रको अवधि एक आर्थिक वर्षको हुने छ तर पहिलो पटक सुचना भएको हकमा असार मसान्त सम्म हुने छ ।

सुचना अनुसार प्राप्त निवेदनहरूको छानविन एवं अनुगमन गरी भू सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ को दफा ५ अनुसार अनुमति पत्र जारि गरिने छ ।

यस सुचनामा उल्लेख नभएका विषय वस्तुको बारेमा भू सुचना केन्द्र सञ्चालन निर्देशिका २०७६ बमोजिम हुने छ ।

..................
इश्वर कमल श्रेष्ठ
कार्यालय प्रमुख